**निर्णय नं. १:**
मिति २०७७।१२।२६ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरुका सम्बन्धमा समिक्षा गरियो ।
**निर्णय नं. २:**
यस नगरपालिकाको तपसिल वमोजिम विधेयक तथा कार्यविधीहरु स्वीकृतीका लागि विशेष नगरसभामा पेश गर्ने निर्णय गरियो ।
**तपसिल**
१. कर्मचारी समायोजन विधेयक २०७८
२. करार कर्मचारी कल्याण कोष विनियमावली २०७८
३. अव्यवस्थित वसोवासी व्यवस्थापन कार्यविधी २०७८
**निर्णय नं. ३:**
यस नगरपालिकाको निम्न कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।
१. लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७८
२. स्थानीय बाल अधिकार समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७८
**निर्णय नं. ४**
यस नगरपालिका कार्यालय परिसर भित्र निर्माण भैरहेको लाईव्रेरी सौन्दर्यीकरणका लागि रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो ।
**निर्णय नं. ५**
वडा नं. ११ को कार्यालयमा ईलेक्ट्रीकल र सेनेटरी कार्यका लागि रु. ३,००,०००।- (तीन लाख) विनियोजन गर्ने निर्णय गरियो ।
**निर्णय नं. ६**
चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १० मा संचाल्ति जयश्री हरिहर हार्डवेयर सेन्टर फर्मले मुद्धा नं. ०७७-CP-१३८१ को, ऐ ऐ वडा नं. १ मा संचालित शारदा सप्लायर्स फर्मले मुद्धा नं. ०७७-CP-१३८३ को, ऐ ऐ वडा नं. १ मा संचालित दुलाल लाईट हाउसले मुद्धा नं. ०७७-CP-१३८२ को, ऐ ऐ वडा नं. १ मा संचालित साझा एग्रोभेट फर्मले मुद्धा नं. ०७७-CP-१३८७ को, ऐ ऐ वडा नं. १० मा संचालिन शुभकामना मोटरसाईलक वर्कसवले मुद्धा नं. ०७७-CP-१३८०को, ऐ ऐ वडा नं. १० मा संचालित पाण्डव फोटोकपी सेन्टरले मुद्धा नं. ०७७-CP-१३८५ को, ऐ ऐ वडा नं. १ मा संचालित न्यू लम्विनि ट्रेडर्सले मुद्धा नं. ०७७-CP-१३८४ को र ऐ ऐ वडा नं. १० मा संचालित धौलागिरी ईन्टरप्राईजेज प्राईभेट फर्मले ०७७-CP-१३८६ नं. का करारद्धारा सम्पन्न कार्यको रकम एवं क्षतिपूर्ति समेंत दिलाई भराई पाउँ भनी रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई प्रतिवादी बनाई सम्मानित चितवन जिल्ला अदालतमा दायर भएका ८ (आठ) थान मुद्धाहरुमा प्रतिउत्तर पेश गरी मुद्धाको तारेख लिई पुर्पक्षमा रहन यसै कार्यालयका पाचौं तहका कर्मचारी श्री देव प्रसाद पौडेललाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।
**निर्णय नं.७**
चितवन जिल्ला रत्ननगर नगरपालिका वडा नं. १ घर भई काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ४ बस्ने राम कुमार कार्कीले रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई प्रत्यर्थी बनाई उच्च अदालत पाटन, हेटौंडा ईजलासमा दायर गरेको ०७७-WO-००४८ नं. को परमादेश मुद्धामा गुज्रेको म्याद थामी र चितवन जिल्ला साविक पंचकन्या गा.वि.स. वडा नं. ४ को हाल ऐ रत्ननगर नगरपालिका वडा नं. १३ बस्ने वर्ष ६४ को केशव राज भट्टराईले यस रत्ननगर नगरपालिका कार्यालय समेतलाई प्रत्यर्थी बनाई उच्च अदालत पाटन हेटौंडा ईजलासमा दायर गरेको उत्प्रेषण युक्त परमादेश ०७७-WO-००५२ नं. को मुद्धामा गुज्रेको म्याद थामी लिखित जवाफ पेश गरी

मुद्दाको तारेख लिइ पुपक्षमा रहनको लागि रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालयका अधिकृत छैठौं तहका कर्मचारी श्री अर्जुन पगेनीलाई प्रतिनिधी मुकरर गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.८:**

आकासे पुल मुनिको सडक मर्मत तथा कालोपत्रे कार्यका लागि रु. ८,५०,०००।- (आठ लाख पचास हजार) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ९:**

बकुलहर रत्ननगर अस्पतालको भवन निर्माणको लागि टेण्डरबाट वचत रकम रु. ५०,००,०००।- (पचास लाख) बाट उपभोक्ता समिति मार्फत कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

भूमिहिन सुकुम्वासीको जग्गा नाप नक्सा गर्ने कार्यको शुरुवात रत्ननगर नगरपालिका वडा नं. १४ बाट मिति २०७८।०१।०८ गते शुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

नगरपालिकाको विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्यलाई व्यवस्थित, चुस्त दुरुस्त बनाउनको लागि विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ (संसोधन २०७५ सहित) र स्थानीय सरकार संचालन ऐन २०७४ को व्यवस्था वमोजिम तपसिलमा उल्लेखित पदाधिकारीहरु रहने गरी स्थानीय विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| १. अध्यक्ष- | नगर प्रमुख |
| २. उपाध्यक्ष | नगर उप प्रमुख |
| ३. सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ४. सदस्य | वडा अध्यक्ष वडा नं. १-१६ सवै |
| ५. सदस्य | विषयगत शाखाका शाखा प्रमुख |
| ६. सदस्य | स्थानीय सुरक्षा निकायका प्रमुख |
| ७. सदस्य | नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रमुख |
| ८. सदस्य | गै.स.स.बाट १ जना महिला समेत ३ जना |
| ९. सदस्य | स्थानीय स्तरमा उपलब्ध विपद व्यवस्थापन विज्ञ २ जना |
| १०. सदस्य | उद्योग वाणिज्य संघका प्रतिनिधि |
| ११. सदस्य | समुदायमा आधारित विपद व्यवस्थापन पालिका प्रतिनिधि |
| १२. सदस्य सचिव | विपद व्यवस्थापन शाखा प्रमुख |

**निर्णय नं. १२:**

राष्ट्रिय जनगणना २०७८ लाई सफल बनाउन आवश्यक सहयोग र प्रचार प्रसार गर्ने निर्णय गरियो।

**निर्णय नं. १३:**

बकुलहर रत्ननगर अस्पताललाई सामाजिक विकास मन्त्रालयबाट रु. १,००,००,०००।- (एक करोड) प्राप्त भएको जानकारी भयो ।

**निर्णय नं. १४:**

कोभिड-१९ सम्बन्धमा नगर शिक्षा समितिबाट भएको निर्णय जानकारी भयो । सोही अनुसार नै कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. १५:**

वडा नं. १५ स्थित निशान स्मृति प्रतिष्ठान भवन निर्माणको लागि बागमती प्रदेश सरकारको सशर्त अनुदानतर्फ विनियोजित रकम रु. २५,००,०००।- (पच्चीस लाख) बाट योजना कार्यान्वयन गर्न ठेक्का लगाउदा न्यून कबोल भई बाँकी रहेको रकम उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

योजना अनुगमन समिति, राजश्व समिति र न्यायिक समितिबाट पेश भएको प्रतिवेदन उपर छलफल गरियो ।

**निर्णय नं. १७:**

अव्यवस्थित वसोवासीको व्यवस्थापन सम्बन्धमा नीति निर्माणका लागि निम्न वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. संयोजक प्रमुख प्रशासकीय अधिकृत श्री शिशिर पौडेल
२. सदस्य वडा अध्यक्ष श्री तिलक राज पौडेल, र.न.पा. २
३. सदस्य वडा अध्यक्ष श्री लाल बहादुर भट्ट, र.न.पा. ७
४. सदस्य वडा अध्यक्ष श्री चित्र बहादुर भण्डारी, र.न.पा. १३
५. सदस्य वडा अध्यक्ष श्री हरि कुमार श्रेष्ठ, र.न.पा. १४
६. सदस्य सचिव अधिकृत श्री अर्जुन पगेनी

**निर्णय नं. १८:**

प्रदेश सशर्त तर्फको कयरखोला तटवन्धन सपना भिलेज अगाडि, र.न.पा. ७ को योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:**

बागमती प्रदेश सरकारमा माग गरिएको समपुरक योजना तर्फको पिठुवा सिंचाई ईन्टेक निर्माणको सट्टामा झुवानी पार्क र नमुना पार्क पिठुवाको योजना समावेस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २०**

सडक बोर्डबाट प्राप्त रकम मध्ये डोल बहादुर गुरुङ्ग चोकदेखि उत्तर कुँवर टोलसम्मको लागि विनियोजित रकमबाट योजना संचालन गर्न टेण्डर गर्दा न्यून कबोल भई वचत रकम रु १३,५०,०००। - बाट निम्न योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. भिमबहादुर चोकदेखि उत्तर तर्फको बाटो कालोपत्रे रु. ६५०,०००।- (छ लाख पचास हजार)
२. डोल बहादुर गुरुङ्ग चोकदेखि उत्तर कुँवर चोकसम्म कालोपत्रे निरन्तरता रु. ७,००,०००।- (सात लाख)

**निर्णय नं. २१**

प्रदेश सशर्ततर्फ निशान स्मृति प्रतिष्ठानको लागि विनियोजित रकमबाट योजना संचालनका लागि टेण्डर गर्दा न्यून कबोल भई वचत रकमबाट उपभोक्ता समिति मार्फत योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:**

टाँडीचोकबाट दक्षिण भोकाहातर्फ ABC केवल र पोलमा राख्ने एंगलको लागि ल. ई. वमोजिम भएको खर्च रकम रु. ४,०८,०००।- विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २३:**

रत्ननगर १६ चर्च हाउसदेखि लक्ष्य बहादुर गुरुङ्गको घरसम्मको सडक कालोपत्रेका लागि प्रदे पूर्वाधार विकास साझेदारी कार्यक्रम मार्फत विनियोजित रु. ६८,००,०००।- लाख मध्येको प्रथ चरणको ठेक्का प्रक्रिया पश्चात बाँकी हुन आउने रकम रु. २१,६८,८००।- (एक्काईस लाख अठस हजार आठसय) को कार्य उपभोक्ता समितिबाट सोही सडकको बाँकी खण्डमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

रत्ननगर नगरपालिका वडा नं. ६ स्थित राप्ती ड्याक ढुंगा विछ्याउने कार्यको लागि रु. २,००,०००।- (दुई लाख) विविध सार्वजनिक निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २५**

यस नगरपालिकाको संस्थागत क्षमता स्व-मुल्यांकन गर्ने कार्य सम्पन्न गरियो । स्व-मूल्यांकन वमोजिम ५४% अंक प्राप्त भएकोले उक्त नतिजा सार्वजनिकीरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६:**

प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत डुम्रीचोकबाट उत्तर आदर्शचोक कालोपत्रे सडकको लागि विनियोजित रकमबाट टेण्डर गर्दा न्यून कबोल भई वचत हुन आएको रु. १८,२०,०००।- (अठार लाख बीस हजार) बाट सोही सडकको बाँकी भागमा सिलवन्दी दरभाउ पत्र आव्हान गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

रत्ननगर नगरपालिका वडा नं. २ स्थित ब्रम्हाकुमारी राजयोग सेवाकेन्द्र भवन परिसरभित्र सार्वजनिक शौचालय निर्माणको लागि लगत ईष्टिमेट वमोजिमको रकम विविध सार्वजनिक निर्माण शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत बिनियोजन भएको यस रत्ननगर नगरपालिका वडा नं. २ को शेषनाथ अधिकारीको घर अगाडिको बाटो(अस्पताल रोड) योजना संशोधन गरी रत्ननगर नगरपालिका वडा नं. २ को को शेषनाथ अधिकारीको घर अगाडिको बाटो(अस्पताल रोड) नाला निर्माण गर्न जिल्ला समन्वय समिति भरतपुर, चितवनमा अनुरोध गर्ने निर्णय गरियो ।